# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०७।०५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

जिल्ला बारा, बारागढी गाँउपालिका वडा नं. ३ नयकाटोल, साविक खोपवा गाविस -८ को जनजागृति नेपाल राष्ट्रिय प्राथमिक विद्यालयलाई भौतिक निर्माणको लागि जिल्ला शिक्षा कार्यालय, बाराबाट प्राप्त रकमको निर्माण सम्पन्न कागजातहरू प्राप्त हुन नसकेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन जिल्ला शिक्षा अधिकारी धनप्रसाद पोखरेलसमेतले आफूलाई प्राप्त पदीय अधिकार र दायित्व जिम्मेवारी पूर्ण तरिकाले पालन नगरेको, विद्यालय भवन निर्माण नहुँदै नापी किताव र कार्य सम्पन्न प्रतिवेदन विना नै निर्माणस्थलमा भएगरेको कार्यभन्दा रू.१,३९,९६२।५२ (एक लाख उनान्चालीस हजार नौसय बैसठ्ठी रूपैयाँ बाउन्न पैसा) बढी भुक्तानी गरी नेपाल सरकारको रकम हिनामिना गरेको र गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कार्य गरी निज प्रतिवादीहरू तत्कालीन जिल्ला शिक्षा अधिकारी धनप्रसाद पोखरेल, लेखापाल नवराज भण्डारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तेजमन प्रसाद यादव, निमित्त प्रधानाध्यापक राजकिशोर चौधरी, इन्जिनियर बसन्त निधि र सव-इन्जिनियर दिलिपकुमार जैसवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिम भ्रष्टाचारको कसुर गरेको प्रमाणित हुन आएकोले निजहरूलाई नेपाल सरकारको हानिनोक्सानी गरेको विगो रू.१,३९,९६२।५२ (एक लाख उनान्चालीस हजार नौसय बैसठ्ठी रूपैयाँ बाउन्न पैसा) का आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको विगोमध्ये उजुरी पछि अनुसन्धानको क्रममा जम्मा रू.३४,१०३।७५ रकम बराबरको थप निर्माण कार्य भएको र ८३,४६३।—बेरूजु खाता दाखिला गरेको देखिएकोले बाँकी रकम रू.२२,३९५।७७ (बाइस हजार तीनसय पन्चानब्बे रुपैयाँ सतहत्तर पैसा) उक्त ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**